
# चौरजहारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

# रुकुम (पश्चिम)



# तह घटुवा तथा मर्ज भएका विद्यालयहरुको वर्तमान अवस्था

# अध्ययन प्रतिवेदन

# २०७८

चौरजहारी नगरपालिका

# पृष्ठभूमी

नेपालको संविधान, २०७२ र सोही संविधान अनुसार बनेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको शिक्षा सम्बन्धी अधिकारको पूर्ण कार्यान्वयन गर्न बनेका शिक्षा सम्बन्धी ऐन तथा नियमावली बमोजिम विद्यार्थी संख्या न्यून रहेका, मापदण्ड अनुसारको न्यूनतम भौतिक पूर्वाधार नभएका, एक अर्का विद्यालयहरुबीचको पैदल दूरी ३० मिनेट वा सो भन्दा कम रहेका, शिक्षण सिकाई उपलब्धि कमजोर भएका विभिन्न सामुदायिक विद्यालयहरुको कक्षा तह घटाउने सम्बन्धमा मिति २०७६/१२/२८ गते नगर प्रमुखज्यूको अध्यक्षतामा बसेको बैठकले निर्णय गरेको थियो । सो निर्णयका आधारमा सम्बन्धित विद्यालयका सरोकारवालाहरुसँग छलफल भएको थियो ।

नेपालको संविधान, २०७२ को **अनुसूची ८** मा आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र राखिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को ज. मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी व्यवस्था छ, जसको ज.१ मा प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन सम्बन्धी व्यवस्था छ । ज.५ मा गाभिएका वा बन्द गरिएका विद्यालयहरुको सम्पत्ती व्यवस्थापन, ज. ११ मा सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान र ज.१२ मा विद्यालयहरुको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन सम्बन्धी व्यवस्था छ । चौरजहारी नगरपालिका शिक्षा ऐन, २०७४ को दफा २५ मा नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने व्यवस्था भए बमोजिम यस नगर कार्यपालिकाको मिति २०७७/०१/२१ गतेको निर्णय बमोजिम तपसिलका विद्यालयहरुको तह घटुवा तथा गाभिएका थिए ।

## तपसिल

१. श्री जनसेवा आधारभूत विद्यालय जुम्लीपोखरी, वडा नं. १२ :- तह घटुवा भई कक्षा १-५ कायम भएको ।

२. श्री समाजसेवा आधारभूत विद्यालय दोभानखोला, वडा नं. १२ :- तह घटुवा भई बालविकास केन्द्र मात्र कायम भएको ।

३. श्री ज्ञानज्योती आधारभूत विद्यालय माथिसर्केना, वडा नं. ११ :- तह घटुवा भई कक्षा १-५ मात्र कायम भएको ।

४. श्री कालिका आधारभूत विद्यालय मूलज्यूला, वडा नं. १३ :- तह घटुवा भई बालविकास केन्द्र मात्र कायम भएको ।

चौरजहारी नगरपालिका

५. श्री जनचेतना आधारभूत विद्यालय अंगेरी, वडा नं. ०८ :- तह घटुवा भई बालविकास केन्द्र मात्र कायम भएको ।

६. श्री आधारभूत विद्यालय भुवाटाकुरा, वडा नं. ९ :- तह घटुवा भई कक्षा १-५ मात्र कायम भएको ।

७. श्री बालकल्याण आधारभूत विद्यालय पेदीखोला, वडा नं. १० :- तह घटुवा भई बालविकास केन्द्र मात्र कायम भएको ।

नगर कार्यपालिकाको निर्णय बमोजिम मिति २०७७/०१/२१ गतेको निर्णयानुसार कक्षा तह घटाईएका विद्यालयमा रहेका स्थायी तथा राहत दरबन्दी देहाय बमोजिम मिलान गर्ने निर्णय गरिएको थियो ।

| क्र.स. | कक्षा तह घटाइएको विद्यालयको नाम र ठेगाना | फाजिलमा परेको दरबन्दी | दरबन्दी संख्या | दरबन्दी मिलान गरी पठाईएको विद्यालयको नाम ठेगाना र संख्या |
|---|---|---|---|---|
| १. | श्री बालकल्याण आधारभूत विद्यालय पेदीखोला | स्थायी | ३ | १.श्री आधारभूत विद्यालय मानाकोट -१<br>२. श्री आधारभूत विद्यालय घर्तीकाँडा -१<br>३. श्री जनसेवा आधारभूत विद्यालय जुम्लीपोखरी - १ |
| २. | श्री समाजसेवा आधारभूत विद्यालय दोभानखोला | राहत | २ | १.श्री जनआस्था आधारभूत विद्यालय पुरानापानी - १<br>२. श्री आधारभूत विद्यालय लहरेसिमल - १ |
| ३. | श्री कालिका आधारभूत विद्यालय मूलज्यूला | राहत | १ | १.श्री आधारभूत विद्यालय मानाकोट - १ |

चौरजहारी नगरपालिका नगर शिक्षा समितिको मिति २०७८/१२/२८ गते बैठकको निर्णयानुसार यस नगरपालिका अन्तर्गत मर्ज तथा कक्षा/तह घटुवा गरिएका विद्यालयहरुको सम्पत्ति शिक्षा, युवा तथा खेलकुद शाखाले व्यवस्थापन तथा मूल्याङ्कन गरी आगामी शिक्षा समितिको बैठकमा प्रतिवेदन

चौरजहारी नगरपालिका

पेश गर्ने निर्णय भए बमोजिम विद्यालयहरुको अनुगमन तथा मूल्याङ्कन गरी यो प्रतिवेदन तयार गरिएको छ ।

## (क) श्री कालिका बालविकास केन्द्र मूलज्यूला

चौरजहारी नगरपालिका वडा नं. १३ मूलज्युलामा अवस्थित यस बालविकास केन्द्रमा २ कोठे पक्की भवन, ३ कोठे कच्ची टिनको छानायुक्त भवन तथा एक शौचालय रहेको छ । खुला खेल मैदान रहेको यस बालविकास केन्द्र घेरावार नहुँदा खुला चरीचरन रहेको छ जसका कारण पशुवस्तुले फोहोर गरेको देखिन्छ । पक्की भवनको सिढीँको माथी नछोपिएको हुँदा वर्षामा पानी प्रत्यक्ष घरभित्र पस्ने गरेको देखियो । विद्यालयमा हाल एक जना बालविकास सहजकर्ता र एकजना कार्यालय सहयोगीको दरबन्दी रहेको छ । बालविकास केन्द्रको तलतिर खोला र माथितिर भिरालो पाखो रहेका कारण प्राकृतिक रुपमा जोखिम रहेको छ । साना बालबालिकाहरु ग्वाऱ्या, कालुमल्के, बथननारा, घारीखोला आदि स्थानबाट एक/डेढ दुई घण्टा टाढाबाट अध्ययन गर्न आउन कठिनाई भएका कारण विद्यार्थी संख्या कम रहेको छ । हाल विद्यालयमा भएको भौतिक सम्पत्ती विवरण तपसिल बमोजिम रहेको छ ।

| क्र.स. | सामानको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १. | स्टिल दराज | ३ | |
| २. | काठको टेबल | १ | |
| ३. | काठको कुर्सी | ३ | |
| ४. | प्लाष्टिकको कुर्सी | १ | |
| ५. | सोलार प्यानल | ४ | |
| ६. | सोलार व्याट्री | २ | |
| ७. | इन्भटर | १ | |
| ८. | साउण्ड सिस्टम | १ | |
| ९. | ह्याण्ड माइक | १ | |
| १० | फिल्टर | २ | |
| ११ | वेट मेसिन | १ | |
| १२ | भित्ते घडी | १ | |
| १३ | डेक्ची | १ | |
| १४ | कराई | १ | |

चौरजहारी नगरपालिका

| क्र.स. | सामानको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १५ | डाडु/पन्यु | १ सेट | |
| १६ | तावा/जग/चम्चा/वाल्टिन | १/१ वटा | |
| १७ | काठको स्टुल | ४ | |
| १८ | जुट कार्पेट | १० मीटर | |
| १९ | स्वीटर | ५ पिस | |
| २० | ग्लोव | १ | |
| २१ | प्रोजेक्टर | १ | |
| २२ | ल्यापटप | १ | |
| २३ | ल्यापटप स्पीकर | १ | |
| २४ | मादल | १ | |
| २५ | खैजडी | १ | |
| २६ | ह्वाइट बोर्ड | ४ | |
| २७ | चकटी | १० | |
| २८ | बेन्च | ८ | |

**सुझावहरु**

१. बालविकास केन्द्रलाई कम जोखिम रहेको स्थानमा जग्गा व्यवस्थापन गरी स्थानान्तरण गर्ने ।

२. बालविकास केन्द्रमा रहेका बेन्च तथा ह्वाइट बोर्ड नजिकमा माथिल्लो तह सञ्चालन भएका तथा फर्निचर अभाव रहेका विद्यालयमा पठाउने ।

३. बालविकास केन्द्रमा रहेको प्रोजेक्टर हालसम्म पनि प्रयोग नभएको तथा ल्यापटपको समेत बालविकास केन्द्र भन्दा अन्यत्र विद्यालयमा वढी आवश्यकता देखिएको विद्यालयमा पठाउने ।

४. कच्ची भवनको दारकाठ, ढुंगा तथा जस्तापाता नगरपालिकाले लिलाम बिक्री गर्नुपर्ने ।

## (ख) श्री समाजसेवा बालविकास केन्द्र दोभानखोला

चौरजहारी नगरपालिका वडा नं. १२ दोभानखोला स्थित यस बालविकास केन्द्रमा ३ कोठे कच्ची जस्ताको छानायुक्त भवन -१ तथा २ कोठे कच्ची जस्ताको छानायुक्त भवन -१ र गत वर्ष निर्माण भएको ४ कोठे शौचालय रहेको छ । भवनमा झ्याल ढोका नभएको तथा खुला खेल मैदान रहेको यस बालविकास केन्द्र घेरावार नहुँदा खुला चरीचरन रहेको छ जसका कारण पशुवस्तुले कक्षाकोठामा समेत फोहोर गरेको देखिन्छ । विद्यालयमा हाल एक जना बालविकास सहजकर्ता

चौरजहारी नगरपालिका

र एकजना कार्यालय सहयोगीको दरबन्दी रहेको छ । बालविकास केन्द्र जंगलको बीचमा रहेको छ । साना बालबालिकाहरु एक/डेढ दुई घण्टा टाढा भीरमौरी, खौलोपऱ्या, अधिकारी पाखा तथा मैनेरी आदि स्थानबाट अध्ययन गर्न आउन कठिनाई भएका कारण विद्यार्थी संख्या कम रहेको छ । हाल विद्यालयमा भएको भौतिक सम्पत्ती विवरण तपसिल बमोजिम रहेको छ ।

| क्र.स. | सामानको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १. | स्टिल दराज | १ | |
| २. | काठको दराज | १ | |
| ३. | काठको टेबल | १ | |
| ४. | भवन | २ | |
| ५. | शौचालय | १ | |
| ६. | गिलास | ५ | |
| ७. | जर्किन | ५ | |
| ८. | प्लेट | १ | |
| ९. | मग | १ | |
| १० | घन्टी | १ | |
| ११ | ट्याबलेट | १ | |
| १२ | काठको कुर्सी | ८ | |
| १३ | प्लाष्टिकको कुर्सी | ३ | |
| १४ | डेक्ची | १ | |
| १५ | कराई | १ | |
| १६ | डाडु/पन्यु | १ सेट | |
| १७ | गाग्री | १ | |
| १८ | ह्वाइट बोर्ड | ६ | |
| १९ | टिनको बाकस | ४ | |
| २० | बेन्च | १४ | |
| २१ | डेस्क | ७ | |
| २२ | प्रोजेक्टर | १ | |
| २३ | ल्यापटप | १ | |
| २४ | स्पिकर/माइक | १/१ | |

चौरजहारी नगरपालिका

**सुझावहरु**

१. बालविकास केन्द्रमा कार्यरत कार्यालय सहयोगी आवश्यकता नभएको हुँदा अन्यत्र व्यवस्थापन गर्नुपर्ने ।

२. बालविकास केन्द्रमा रहेका बेन्च तथा ह्वाइट बोर्ड नजिकमा माथिल्लो तह सञ्चालन भएका तथा फर्निचर अभाव रहेका विद्यालयमा पठाउने ।

३. बालविकास केन्द्रमा रहेको ३ कोठे कच्ची भवनको दारकाठ, ढुंगा तथा जस्तापाता नगरपालिकाले लिलाम बिक्री गर्नुपर्ने ।

## (ग) श्री जनसेवा आधारभूत विद्यालय जुम्लीपोखरी

चौरजहारी नगरपालिका वडा नं.१२ स्थित श्री जनसेवा आधारभूत विद्यालय जुम्लीपोखरी यस नगरपालिकाको उच्च स्थानमा रहेको विद्यालय हो । यहाँ आ.व. २०७७/०७८ मा ८ कोठे पक्की भवन निर्माण हुँदै गरेको यस विद्यालयमा कच्ची एक कोठे भवन तथा एक शौचालय रहेको छ । यो विद्यालय हाल कक्षा ५ सम्म सञ्चालित छ । हाल विद्यालयमा रहेको भौतिक सम्पति तपसिल बमोजि रहेको छ ।

| क्र.स. | सामानको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १. | स्टिल दराज | १ | |
| २. | काठको दराज | १ | |
| ३. | काठको टेबल | १ | |
| ४. | भवन | २ | |
| ५. | शौचालय | १ | |
| ६. | गिलास | ५ | |
| ७. | जर्किन | ५ | |
| ८. | प्लेट | १ | |
| ९. | मग | १ | |
| १० | घन्टी | १ | |
| ११ | ट्याबलेट | १ | |
| १२ | काठको कुर्सी | ८ | |
| १३ | प्लाष्टिकको कुर्सी | ३ | |

चौरजहारी नगरपालिका

| क्र.स. | सामानको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १४ | डेक्ची | १ | |
| १५ | कराई | १ | |
| १६ | डाडु/पन्यु | १ सेट | |
| १७ | गाग्री | १ | |
| १८ | ह्वाइट बोर्ड | ६ | |
| १९ | मादल | २ | |
| २० | बेन्च | ५६+३ | |
| २१ | डेस्क | २१+१ | |
| २२ | प्रोजेक्टर | १ | |
| २३ | ल्यापटप | १ | |
| २४ | स्पिकर/माइक | १/१ | |

**सुझावहरु**

१. अन्य विद्यालयसँग समन्वय गरी विद्यालय माथिल्लो तह सम्म सञ्चालनका लागि तयारी गर्ने ।

२. फर्निचर तथा कक्षाकोठाको व्यवस्थापनमा ध्यान दिनुपर्ने ।

३. कच्ची भवनको दार, काठ तथा ढुङ्गाको लिलाम बिक्री गर्ने ।

४. विद्यालयमा प्रयाप्त सामान नभएकाले आवश्यक सामानहरुकको व्यवस्थापनका लागि पहल गर्ने ।

## (घ) श्री आधारभूत विद्यालय भुवाटाकुरा

चौरजहारी नगरपालिका वडा नं. ९ स्थित श्री आधारभुत विद्यालय भुवाटाकुरा, नगरपालिकाको सुन्दर ठाउँमा अवस्थित छ। यस विद्यालयमा शिक्षक र विद्यालय भवन आदिको कमी देखिन्छ । विद्यालयमा हाल दूईवटा कच्ची भवन तथा एक वटा पक्की भवन रहेको छ । यस विद्यालयमा घेरावार नभएका कारण खुला चरीचरणको थप समस्या देखिएको छ ।यस विद्यालयमा हाल रहेको भौतिक सम्पत्ति तपसिल बमोजिम रहेको छ ।

चौरजहारी नगरपालिका

| क्र.स. | सामानको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १. | बेन्च नयाँ | २० | |
| २. | डेस्क नयाँ | २० | |
| ३. | फलामको डेस्क | १० | |
| ४. | पुरानो बेन्च | २६ | |
| ५. | पुरानो डेस्क | १५ | |
| ६. | ह्वाइट बोर्ड | ७ | |
| ७. | गाग्री | ५ | |
| ८. | बाल्टिन | ३ | |
| ९. | डस्टबिन | ४ | |
| १० | घन्टी | १ | |
| ११ | बुक कर्नर | ३ | |
| १२ | काठको कुर्सी | ३ | |
| १३ | प्लाष्टिकको कुर्सी | १ | |
| १४ | डेक्ची | १ | |
| १५ | कराई | १ | |
| १६ | डाडु/पन्यु | १ सेट | |
| १७ | फिल्टर | ५ | |
| १८ | ड्रम | १ | |
| १९ | पाइप ५० एम एम | २ क्वाइल | |
| २० | प्लेट | ४६ | |
| २१ | अम्खोरा | ६ | |
| २२ | चम्चा | ८ | |
| २३ | ल्यापटप | २ | |
| २४ | माइक | १ | |
| २५ | सोलार | १ | |
| २६ | ब्याट्री | १ | |
| २७ | ड्रमसेट | १ | |
| २८ | वुफर | १ | |

| क्र.स. | सामानको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| २९ | घडी | ४ | |
| ३० | टेबल पुरानो | ४ | |
| ३१ | टेबल नयाँ | २ | |
| ३२ | न्याक | १ | |
| ३३ | कुर्सी | ५ | |
| ३४ | कुर्सी प्लास्टिक | ४ | |
| ३५ | बस्ने बेन्च | ४ | |
| ३६ | वाइफाइ | १ | |
| ३७ | दराज काठको | १ | |
| ३८ | दराज नयाँ | १ | |
| ३९ | फोटोकपी मेसिन | १ | |
| ४० | प्रोजेक्टर | १ | |

**सुझावहरु**

१. विद्यालयको भौतिक सम्पत्तिको उचित प्रयोग, मर्मत र व्यवस्थापन गर्ने ।

२. विद्यालयमा घेरावारको व्यवस्थापन गर्ने ।

३. कक्षाकोठामा झ्यालढोकाको उचित व्यवस्थापन गर्ने ।

## (ङ) श्री जनचेतना बालविकास केन्द्र अंगेरी

चौरजहारी नगरपालिका वडा नं. ८ स्थित यस बालविकास केन्द्र जहारीखोलाको किनारमा अवस्थित छ । यहाँ खानेपानीको राम्रो सुविधा रहनुको साथै रमणिय वातावरण छ । समुदायबाट बालविकास केन्द्र टाढा भएका कारण यहाँ बालवालिकाको संख्या न्यून रहेको छ । दुईवटा कच्ची भवन भएको यस बालविकास केन्द्रको भौतिक अवस्था कमजोर देखिन्छ । अन्य भौतिक सम्पत्ति देहाय बमोजिम रहेको छ ।

| क्र.स. | सामानको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १. | बेन्च नयाँ | १९ | |
| २. | डेस्क नयाँ | १० | |
| ३. | फल्याक | ३ | |

चौरजहारी नगरपालिका

| क्र.स. | सामानको नाम | संख्या | कैफियत |
| --- | --- | --- | --- |
| ४. | ह्वाइट बोर्ड | ४ | |
| ५. | झ्याल | ५ | |
| ६. | काठ | १० | |
| ७. | दाँती | ४ | |
| ८. | घन्टी | १ | |
| ९. | टेबल | ३ | |
| १० | दराज (स्टिल+काठ) | २ | |
| ११ | मादल | १ | |
| १२ | डेक्ची | १ | |
| १३ | कराई | १ | |
| १४ | डाडु/पन्यु | १ सेट | |
| १५ | फिल्टर | १ | |
| १६ | ड्रम | १ | |
| १७ | बालविकास सामग्री | १ सेट | |
| १८ | बाजाहरु | १ सेट | |
| १९ | ब्याण्ड/ड्रम | १ | |
| २० | वुफर | २ | |
| २१ | डिक्सनरी | १/१ | |
| २२ | कपी | ७०/८० पिस | |
| २३ | ल्यापटप | १ | |
| २४ | प्रोजेक्टर | १ | |

गौरदह नगरपालिका

**सुझावहरु**

१. बालविकासमा कार्यालय सहयोगीको अनिवार्य आवश्यकता नभएको हुँदा अन्य विद्यालयमा पठाउनु पर्ने ।

२. बालविकासका बेन्च तथा डेस्कहरुको व्यवस्थापन नगरेर लापरवाही तरिकाले फालेको हुँदा यथाशिघ्र अन्य विद्यालयमा हस्तान्तरण गर्नुपर्ने ।

३. बालबालिका कम भएको हुँदा यस कच्ची भवन लिलाम बिक्री गरी २ कोठे पक्की भवन बनाउनु पर्ने ।

४. प्रोजेक्टरको हालसम्म प्रयोग नभएको र ल्यापटप समेत अध्यक्षले घरमा लिएर राखेको हुँदा यथासिघ्र नगरपालिकामा बुझाउनु पर्ने ।

## (च) श्री ज्ञानज्योती आधारभुत विद्यालय माथिसर्केना

चौरजहारी नगरपालिका वडा नं. ११ स्थित यस ज्ञानज्योती आधारभुत विद्यालय माथिसर्केना हाल कक्षा ५ सम्म सञ्चालित छ । यस विद्यालयमा २ तले एक कच्ची भवन, एक तलाको अर्को कच्ची भवन र २ कोठे पक्की भवन रहेका छन । विद्यालयमा शौचालयको अवस्था नाजुक रहेको छ । यस विद्यालयमा खेलमैदानका लागि जग्गाको अभाव रहेको छ । हाल यस विद्यालयमा रहेका भौतिक सामग्री तथा सम्पत्ति यस प्रकार रहेको छ ।

| क्र.स. | सामानको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १. | बेन्च | २० | |
| २. | डेस्क | ५ | |
| ३. | बेन्च (फलाम) | ४० | |
| ४. | डेस्क (फलाम) | ४० | |
| ५. | कुर्सी | ८ | |
| ६. | कुर्सी प्लाष्टिक | ५ | |
| ७. | आराम बेन्च | २ | |
| ८. | टेबुल | २ | |
| ९. | दराज (काठ+स्टिल) | ३ | |
| १० | वाकस | १ | |
| ११ | फिल्टर | १ | |
| १२ | सोलार | १ किलो वाट | |
| १३ | कम्प्युटर | १ | |
| १४ | ट्याब/प्रोजेक्टर | १/१ | |
| १५ | घन्टी | १ | |
| १६ | घडी | १ | |
| १७ | इन्भटर | १ | |

चौरजहारी नगरपालिका

| क्र.स. | सामानको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १८ | मादल | १ | |
| १९ | माइक | १ | |
| २० | डेक+गलैंचा | २+२ | |
| २१ | प्लेट+टिफिन | १८+२ | |
| २२ | गाग्री+जग | १+१ | |

**सुझावहरु**

१. विद्यालय भवनहरु जीर्ण भएका कारण नयाँ भवन बनाउनु पर्ने ।

२. भवन बनाउँदा प्रयाप्त जमिनको व्यवस्था गर्नुपर्ने ।

३. शौचालयको आवश्यकता रहेको ।

४. अन्य सम्पत्तिको व्यवस्थापन तथा संरक्षण गर्नुपर्ने ।

## (छ) श्री बालकल्याण बालविकास केन्द्र पेदीखोला

चौरजहारी नगरपालिका वडा नं. १० स्थित यो विद्यालय साविक खोलागाउँ गाविसको पुरानो विद्यालय मध्ये एक हो । खोलागाउँको बिचमा रहेको यो विद्यालयमा विद्यार्थी संख्या अत्यन्त न्यून रहेको कारण अन्य विद्यालयमा गाभ्नुपर्ने आवश्यकता भएको हो । कक्षा ५ सम्म सञ्चालित यो विद्यालय हाल बालविकास केन्द्रको रुपमा सञ्चालित छ । बालविकास सहजकर्ता र एकजना कार्यालय सहयोगी रहेको यहाँ एक नवनिर्मित २ कोठे भवन तथा एक कच्ची भवन रहेका छन । साँघुरो आँगन रहेको यस बालविकास केन्द्रमा प्रयाप्त खेल मैदान छैन, साथै खुला वातावरण छ । यस बालविकास केन्द्रमा रहेको पुरानो २ कोठे भवन भत्काई दारकाठ तथा ढुङ्गा लगायतका सामान बेचे बापत आम्दानी भएको रकम तत्कालिन विद्यालय व्यवस्थापन समिति अध्यक्ष, तत्कालिन प्रधानाध्यापक कमल के.सी., सोही वडाका वडाध्यक्ष मोतीराम पुन लगायतका व्यक्तिहरुले करिब १,२५,०००/- (अक्षरुपी एकलाख पच्चीस हजार मात्र) हिनामिना गरेको देखिएको छ । यस बालविकास केन्द्रमा रहेको भौतिक तथा आर्थिक सम्पत्ति यस प्रकारको रहेको छ ।

| क्र.स. | सामानको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १. | बेन्च | २० | |
| २. | डेस्क | १५ | |

चौरजहारी नगरपालिका

| क्र.स. | सामानको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| ३. | कुर्सी | ४ | |
| ४. | कुर्सी प्लाष्टिक | ५ | |
| ५. | आराम बेन्च | २ | |
| ६. | टेबुल | २ | |
| ७. | दराज (काठ) | ३ | |
| ८ | वाकस | १ | |
| ९ | घन्टी | १ | |
| १० | घडी | १ | |
| ११ | मादल | १ | |
| १२ | माइक | १ | |
| १३ | डेक+गलैंचा | २+२ | |
| १४ | प्लेट+टिफिन | १८+२ | |
| १५ | गाग्री+जग | १+१ | |

**<u>सुझावहरु</u>**

१. बालविकास केन्द्रमा पुरानो भवन लिलाममा बेचे बापत आम्दानी भएको रकम हिनामिना गरेको हुँदा यथासिघ्र रकम नगरपालिकामा दाखिला गर्नुपर्ने ।

२. हाल रहेको दुई कोठे कच्ची भवन लिलाम बिक्री गर्नुपर्ने ।

३. भवन भित्र र रहेका काठहरु तुरुन्त विक्री गरी आम्दानी गर्ने ।

४. बालविकासका लागि प्रयाप्त सामग्रीहरु व्यवस्थापन गर्नुपर्ने ।

छैरहनी नगरपालिका

# निश्कर्ष

भौगोलिक दूरी तथा विद्यार्थी संख्याका आधारमा विद्यालयहरु स्थापना गरिने कानुनी व्यवस्था छ । नेपालमा सामुदायिक विद्यालयहरु स्थापना गर्ने एक लहर देखिएको थियो । सोही लहरमा विभिन्न समुदायमा आफ्नो अस्तित्वका लागि विभिन्न अगुवाहरुले विद्यालय स्थापना गरेतापनि कालान्तरमा ती विद्यालयहरुको व्यवस्थापन चुनौतीको रुपमा खडा भयो । विद्यालयहरुले निजीमा शिक्षक भर्ना गरे तर शिक्षकहरुको पारिश्रमिक व्यवस्थापन गर्न नसक्दा ठुलो ऋणभार बोक्नुपऱ्यो । यस नगरपालिकामा मात्र प्रति विद्यालय करिब ५ देखी १० लाखसम्म ऋण देखिन्छ । विद्यालयहरु हालसम्म पनि सो ऋणबाट मुक्त हुन सकेका छैनन । स्थानीय सरकार गठन भए पश्चात चौरजहारी नगरपालिकाले झण्डै डेढसय भन्दा बढी नगर करार शिक्षकहरुको व्यवस्थापन गरेको छ । यसरी विगतमा समुदायका प्रतिस्पर्धाका आधारमा विद्यालय स्थापना गरेतापनि हाल ती विद्यालय सञ्चालन गर्न उपयुक्त देखिएको छैन । हाल त्यस्ता प्रकृतिका विद्यालयहरुमा विद्यार्थी संख्या अत्यन्त न्यून छ, जसका कारण विद्यालयहरु गाभ्नुपर्ने वा तह घटुवा गर्नुपर्ने अवस्थामा पुगेको देखिन्छ । यसरी विद्यालयहरु गाभ्दा वा तह घटुवा गर्दा समुदायमा अनावश्यक राजनितिक ध्रुवीकरण हुने, एक अर्कामा आरोप-प्रत्यारोप हुने तथा सरकार र जनता बिचको सम्बन्ध चिसो हुने देखिन्छ । चौरजहारी नगरपालिकामा तह घटुवा गर्नुपर्ने विद्यालयहरु अझै धेरै देखिन्छन । विद्यालय गाभ्दा वा तह घटुवा गर्दा समुदायसँग अन्तरक्रिया गरी सोबाट प्राप्त सुझावका आधारमा गर्नुपर्ने देखिन्छ । नगरपालिकामा भौतिक रुपमा सुविधा सम्पन्न नमूना विद्यालयहरुको विकास गरी गुणस्तर समेत विकास गर्न गुरुयोजना तयार गर्नुपर्ने आवश्यकता छ ।

चौरजहारी नगरपालिका

## अनुगमनकर्ता

१. श्री टिकाजंग ओली - संयोजक

२. श्री गोविन्द ददेल - लेखा सहायक

३. श्री देव वहादुर बटाला - प्रशासन सहायक

४. श्री मनोज शाह - सब इन्जिनियर

छैरज्हारी नगरपालिका

## प्रतिवेदक

श्री टिकाजंग ओली

निमित्त शाखा प्रमुख

शिक्षा, युवा तथा खेलकुद शाखा